वर्ष : २१, अंक : १९, काठमाडौं, २०८२ असोज ३ गते शुक्रबार, 19 September, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## नवीन नेपाल निर्माणका निम्ति निर्णायक कदम चालौं : महतो



काठमाडौं । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले नवीन नेपाल निर्माणका निम्ति निर्णायक कदम चाल्न सार्वजनिक अपिल गरेका छन् ।

बिहीबार अध्यक्ष महतोले सार्वजनिक अपिल गर्दै दर्जनौं शहादत, हजारौं घाइते र असीम धनजनको क्षतिको मूल्यमा शुरु भएको यो क्रान्ति नेपाललाई नयाँ जीवन दिने ऐतिहासिक अवसर रहेको बताएका छन् । उनले भनेका छन्, 'औपनिवेशिक मानसिकतामा बनेको यो सातौं संविधान पनि विगतको छौं वटा संविधान असफल भए जस्तै यो संविधान पनि कुनै दिन असफल भयो भन्ने आश्चर्य मान्नु पर्दैन । यस असोज ३ गतेलाई प्रतीकात्मक रूपमा विभेद र असमानताको अन्त्यको अठोट गर्ने अवसरको रूपमा मनाऔं । असोज तिन कालो दिन १० बर्ष देखि भन्दै आएका छौं, यो वर्ष अन्तिम होस्।'

## संघीय लोकतान्त्रिक मोर्चाले कालोपट्टी बाँधेर प्रदर्शन गर्ने

काठमाडौं । संघीय लोकतान्त्रिक मोर्चाले संविधान दिवसलाई कालो दिनको रुपमा मनाउने निर्णय गरेको छ। मोर्चाको केन्द्रीय सचिवालयको बिहीबार डा.शिवजी यादवको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको हो ।

२०७२ असोज ३ गते संविधान जारी भएको दिन मधेशका सपुतको छातीमा गोली ठोकी जबर्जस्ति एकतर्फी रुपमा संविधान लाद्ने काम भयो र आन्दोलनको मर्म र भावना विपरीत अपुर्ण र अधुरो संविधान जारी गरिएको डा.यादवले विज्ञप्तिमा भनेका छन् ।

'त्यस दिनदेखि नै प्रत्येक वर्ष हामीले सहिदको सम्झनामा र संविधानको पुनर्लेखन अथवा परिमार्जन तथा संशोधनको माग राखी संविधानलाई आंशिक रुपमा स्वीकार गरि असोज तीन कालो दिनामा विभिन्न खाले विरोधका कार्यक्रमहरु गरि प्रदर्शन गर्दै आएकोमा यस वर्ष पनि संविधान दिवसलाई संघीय लोकतान्त्रिक मोर्चाको तर्फबाट सामुहिक रुपमै कालोपट्टी बाँधी विभिन्न खाले



विरोधका कार्यक्रमहरु गरि असोज तीन कालो दिनमा प्रदर्शन गर्ने निर्णय गरियो।' विज्ञप्तिमा भनिएको छ ।

संघीय लोकतान्त्रिक मोर्चामा आवद्ध विभिन्न घटकदलहरु विगत लामो समयदेखि उत्पीडन र विभेदको विरुद्धमा अधिकार, पहिचान, समानुपातिक समावेशीता र स्वायत्त शासनको निम्ति तथा सुशासनको लागि र भ्रस्टाचारको विरुद्धमा संघर्ष गर्दै आएको छ । तसर्थ जेनजी पुस्ताले २०८२ भाद्र २३ र २४ गते भ्रष्टाचार र कुशासनको विरुद्धमा तथा सामाजिक सञ्जाल प्रतिवन्ध खुलाउन दवाव स्वरुप गरेको आन्दोलनको पक्षमा मोर्चा रहेकोले सोही भावना अनुरुप अहिलेको सरकारले काम गर्नुपर्ने मोर्चाको धारणा रहेको निर्णय गरिएको छ ।

साथै जेनजी आन्दोलनको बलमा बनेको ***बाँकी अन्तिम पृष्ठमा***

## आगजनी तथा तोडफोड गर्नेलाई कारबाही गर्न अल्टिमेटम




नवलपरासी । जेनजी आन्दोलनको मौका छोपेर पश्चिम् नवलपरासीका सरकारी कार्यालय र निजी सम्पत्ति तोडफोडमा संलग्नलाई कारबाही गर्न नवलपरासीका जनप्रतिनिधिहरूले ७ दिने अल्टिमेटम दिएका छन् ।

पूर्वमन्त्री हृदयेश त्रिपाठी, लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरण कलवार र प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवले आज संयुक्त रुपमा पत्रकार सम्मेलनको ***बाँकी अन्तिम पृष्ठमा***

## चुनावी तयारीमा लाग्न जनमत पार्टीको निर्देशन

काठमाडौं । जनमत पार्टीको असहमति भए पनि प्रतिनिधि सभा विघटन भइसकेको अवस्थामा जनमत पार्टीले निर्वाचनको तयारी शुरू गरेको छ। जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सम्पूर्ण संरचनालाई चुनावी तयारीमा लाग्न निर्देशन दिएका छन्।




फागुन २१ गतेका लागि निर्वाचन घोषणा भएपछि जनमत पार्टी सक्रिय बनेको हो। यद्यपि पार्टीले आधिकारिक रूपमा चुनावमा जाने निर्णय नगरे पनि अध्यक्ष राउतले केन्द्रीय कार्यकारिणी, केन्द्रीय सदस्य, संघीय परिषद, प्रदेश समिति लगायत सबै जिल्ला इन्चार्जलाई संगठन परिचालन गरी तयारी थाल्न प्रशिक्षण दिएका छन्।

राउतले भने, "चुनाव घोषणा भइसकेको अवस्थामा चुनावमा जानुको विकल्प छैन। अब हामी चुनावमा केन्द्रित भई संगठन परिचालन गर्नुपर्छ।"

उनले जेन-जी आन्दोलनले ल्याएको राजनीतिक परिवर्तनलाई आत्मसात गर्दै बदलिँदो परिस्थितिअनुसार संगठन सुदृढ गर्नुपर्नेमा जोड दिएका छन्। हरेक राजनीतिक संकटको समाधान चुनावबाट मात्रै सम्भव हुने जनमत पार्टीको ठहर छ।

जनमतले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा चुनावमार्फत मात्र सम्भव हुने भन्दै गृहकार्य सुरु गरिसकेको छ। यसैबीच अब बस्ने पार्टी केन्द्रीय कार्यकारिणी बैठकले चुनावमा जाने बारे औपचारिक निर्णय गर्ने तयारी गरेको छ।

राष्ट्रिय उपाध्यक्ष ई. बसन्त कुशवाहाले भने, "चुनाव घोषणा भइसकेको अवस्थामा तयारी थाल्ने कुरा भएको छ। संघीयता पक्षधर आठ दलसँग संसद् पुनःस्थापनाको माग गरिए पनि चुनावमा जानुको विकल्प छैन।"

कुशवाहाले चुनावी सरकारलाई सघाउने प्रतिबद्धता जनाउँदै निष्पक्ष चुनावी वातावरण बनाउन अन्तरिम सरकारलाई आग्रह गरेका छन्।

## नाउपाबाट अलग भए रेशम चौधरी

काठमाडौं । नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीले पार्टीबाट आफू अलग भएको घोषणा गरेका छन् । व्यक्तिगत अहङ्कार र स्वेच्छालाई जित्न नसकेको भन्दै उनले नागरिक उन्मुक्ति पार्टीबाट आज अलग भएको घोषणा सामाजिक सञ्जालमार्फत गरेका हुन् । पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ र



नेता दामोदर पण्डितसँग आफ्नो कुनै पनि दुश्मनी नरहेको जिकिर गर्दै उनले व्यक्तिगत रूपमा अल्मलिनुभन्दा बाटो बदलेको बताए ।

आफू राजनीतिक व्यक्ति रहेका कारण पार्टी बिना बस्न नसुहाउने भन्दै उनले आजको दिनबाट नयाँ दल र सङ्गठन निर्माणमा जुट्ने बताएका छन् ।



## सम्पादकीय

# कालो दिवसको सार्थकता

संविधानमा आफ्नो हक सुनिश्चत नभएपछि मधेशका जनताहरूले आक्रोश पोख्ने आन्दोलन चर्काउने र विद्रोहको बिगुल फुक्ने काम पनि गरे तर उनीहरूको मागलाई संविधान संशोधनमार्फत पूरा गरिदिने आश्वासन मात्रै पाए । संविधानको वर्षगाँठ भनाइरहँदा पनि त्यसमा मधेशवादी दलको भूमिका पनि महत्वपूर्ण देखिएको छैन । संविधान जारी भएको दश वर्ष बितिसक्दा पनि मधेशी जनताले आफ्नो अधिकार स्थापित गर्न सकेका छैनन् ।

संविधान देशको शासन व्यवस्थालाई कानूनी रूप प्रदान गर्ने मूल कानून हो । संविधानबिना देशले आफ्नो विविधतापूर्ण राज्य व्यवस्थित र सामाजिक धारहरूलाई परिवर्तनशील बनाउन सकिदैन । त्यसैले संविधान देशको एक महत्वपूर्ण ग्रन्थ हो । संविधान न्यायसंगत नहुँदा मधेशका जनताले आफ्नो हकहितका लागि आन्दोलन र विभिन्न मोर्चा बनाएर पहिचानको विम्ब खोज्न आन्दोलन त गरे त्यो अहिले शनैःशनै अर्थहीन भइरहेको छ । गलत राजनीतिक मानसिकताले अनाहकमा मधेश जनता सहिद भएको प्रतीत भइरहेको छ ।

आज पनि मधेशी, थारू, मुस्लिम, दलित, आदिवासी, पिछडिएको वर्ग यो संविधानबाट अस्तुष्ट छन् । संविधानमा असन्तुष्टिका भाव हुँदाहुँदै मधेशको भावनालाई कुल्चेर संविधान पारित गर्नु र संविधान संशोधनको खोक्रो सम्झौता गरेर मधेशी जनतामाथि मधेशी र गैरमधेशी दलहरूले राजनीति गर्दै आइरहेका छन् ।

आज दश वर्ष भयो संविधान जारी भएको तर मधेशका जनताहरू लगातार संविधान जारी भएदेखि नै संविधान घोषणा भएको दिनलाई कालो दिनको रूपमा मनाउँदै आएका छन् । एउटै संविधानलाई फरक फरक तरिकाले मनाउनु पक्कै राम्रो होइन । किन संविधान दिवसलाई सम्पूर्ण देशले गौरवका साथ राष्ट्रिय दिवसका रूपमा मनाउन सक्दैनन् ? संविधान दिवसलाई राष्ट्रिय पर्वको रूपमा मनाउन वातावरण तयार पारिदिने दायित्व कसको ? यावत प्रश्नहरू दश वर्षसम्म पनि गम्भीर रूपमा उठ्नु पक्कै पनि संविधानप्रतिको अनादर हो । यसका लागि सरकार, सत्तारूढ दल, मुख्य विपक्षी दलसहित संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै दलहरूले मिलेर साझा संविधान बनाउने तिर ध्यान केन्द्रित गर्नुपर्छ ।

असोज ३ लाई संविधान दिवसको रूपमा भनाइरहँदा मधेश आश्रित दलहरुले यसलाई स्वीकार गरेका छैनन् । मधेश आश्रित दलहरु संघीय संसददेखि प्रदेश सरकारसम्म प्रतिनिधित्व गरिरहेका छन् । आम जनताको जिज्ञासा के भने संविधानअनुसार प्राप्त पद, पैसा, गाडी, अवसर र शान पाउँदा राम्रो तर त्यही संविधान चाहिँ नराम्रो । जनताको यी प्रश्नको जबाब मधेशी नेताहरूसँग छैन । निश्चय पनि संविधानप्रति उनीहरूको असन्तुष्टि छ तर त्यसलाई प्राप्त गर्न सत्ता लिप्सा देखाउने कि सघर्ष गर्ने ? वस्तुतः सरकारमा सहभागीहरूले नै सविधान दिवसलाई ‘कालो दिवस’ भन्नु अनैतिकताको पराकाष्ठा हो । जुन संविधानअनुसार सपथ लिएर मन्त्री, सांसद भएका छन्, पारिश्रमिक लिइरहेका छन् त्यही संविधानलाई मान्दिन भन्नु गैरजिम्मेवार र विग्रहकारी कुरा हो । संविधानमा विभेद छ भने स्पष्ट रूपमा कारण र समाधानसहितको सूची मधेशी दलहरूले किन सार्वजनिक गर्न सकेका छैनन् ।

## लोसपाले असोज ३ लाई कालो दिनको रूपमा शोक दिवस मनाउन

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले असोज ३ अर्थात संविधान दिवसलाई कालो दिनको रुपमा यथावत राख्दै शोक दिवस मनाउने निर्णय गरेको छ । लोसपाको केन्द्रीय पदाधिकारी एवं भ्रातृ संगठनका पदाधिकारीहरुको बैठक अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा पार्टीको केन्द्रीय कार्यलय बबरमहलमा बसेको थियो । सो बैठकले यस्तो निर्णय गरेको हो ।

साथै, जेनजी आन्दोलनमा दिवङ्गत भएका शहीदहरुको चिर शान्तिको कामना गर्दै १ मिनेट मौन धारण गर्दै शोक सन्तप्त परिवारजणमा गहिरो समवेदना प्रकट गर्ने निर्णय गरेको छ ।

# चुरेको संकट : राष्ट्रिय गौरवदेखि अस्तित्वको दौडसम्म



सन्देश यादव

**परिचयः**
नेपालको भौगोलिक संरचनामा चुरे पर्वत शृंखला एक अपूर्व घटक हो। तराई र महाभारत पर्वत शृङ्खलाको बीचमा अवस्थित यो क्षेत्र भौगोलिक र भूवैज्ञानिक रूपमा अत्यन्त विशिष्ट छ। हिमालय पर्वतमालाको कान्छो हिस्सा मानिने चुरे नरम चट्टानहरू, बलौटे ढुङ्गा, हिलो ढुङ्गा, र ग्रेभलजस्ता असंगठित पदार्थबाट बनेको छ, जसकारण यो भूक्षय, पहिरो र वातावरणीय क्षयको लागि अत्यन्तै संवेदनशील छ। यसले तराईका लागि “पानीको धरहरा“ (धबतभच तयधभच) को भूमिका निर्वाह गर्दछ, किनभने यसले नदी प्रणाली र भूमिगत जल भण्डारलाई निरन्तर रिचार्ज गरी लाखौं मानिसको जीवन धानिरहेको छ। ४५ प्रजातिका सरिसृप र धेरै दुर्लभ वनस्पति पाइन्छ। चुरे क्षेत्रमा १,५०० भन्दा बढी प्रजातिका वनस्पतिहरू र पाटेबाघ, गैंडा, डल्फिन जस्ता दुर्लभ वन्यजन्तुहरू बसोबास गर्छन्। चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा वन्यजन्तु आरक्ष जस्ता संरक्षित क्षेत्रहरू पनि रहेका छन्। चुरेले भूमिगत पानीको पुनर्भरण, माटोको स्थायित्व, दाउरा, घाँस, औषधिजन्य वनस्पति लगायत ४० भन्दा बढी प्रकारका पारिस्थितिक सेवाहरू प्रदान गर्दछ। त्यसकारण वातावरणविद्हरूको भनाइ अनुसार, “चुरे नष्ट भएमा मधेश सोझै मरुभूमि बन्न पुग्छ“। यसको महत्वलाई हेर्दा, चुरे संरक्षणको खडेरीले जलस्रोतहरू सुक्दै गएपछि किसानलाई धान रोप्नै कठिन भएको छ। यस्तै अवैध वन फँडानी, अनियन्त्रित चरिचरण र जथाभावी सडक निर्माणले घना जंगललाई झाडी र खेतीयोग्य जमिनमा परिणत गर्दै भू-उपयोगमा ठूलो परिवर्तन ल्याएको छ। विशेषगरी पहाडबाट तराई र भित्री मधेशमा हुने तीव्र बसाइँसराइले स्रोतमाथि थप दबाब सिर्जना गरेको छ, जसले बस्ती विस्तार र कृषि अतिक्रमणलाई बढावा दिएको छ। उत्खननले जल भण्डारण गर्ने भू-सतह संरचना नष्ट गर्ने मात्र होइन, भूमिगत जल पुनःभरणको प्रक्रिया अवरुद्ध हुँदा मनसुनमा बाढी र हिउँदमा पानीको संकट बढेको छ। परिणामस्वरूप, तराई-मधेश क्षेत्रमा जल संकट तीव्र



> यो यस्तो समय हो जब नेपाललाई एउटा प्रतिक्रियात्मक, आयोजना-आधारित दृष्टिकोणबाट एउटा समग्र, एकीकृत र समुदाय-केन्द्रित रणनीतितर्फ जानुपर्छ। जसरी संस्कृतको एउटा प्राचीन भनाइले भन्छ, “प्रकृति रक्षितः रक्षिता“ - यदि हामीले प्रकृतिको रक्षा गर्छौं भने, प्रकृतिले हाम्रो रक्षा गर्दछ।

यसका साथै, यो जैविक विविधताको एक महत्त्वपूर्ण भण्डार हो, जहाँ बेङ्गाल टाइगर, एसियाली हात्ती र घडियाल गोही जस्ता लोपोन्मुख प्रजातिहरूका लागि महत्त्वपूर्ण वासस्थान उपलब्ध छ।

तर आज यही चुरे अस्तित्वको संकटमा परेको छ। अनियन्त्रित मानवीय हस्तक्षेप, सरकारी उदासीनता र प्रकृतिको दोहनले गर्दा चुरेको संरक्षण आज राष्ट्रिय गौरवको विषय मात्र होइन, अस्तित्व रह्यो की नरह्यो भन्ने प्रश्न बन्न पुगेको छ। चुरेलाई “तराई-मधेशको लाइफलाइन“ भनिन्छ, तर त्यसको अनियन्त्रित दोहन र विनाशका कारण तराईको जलस्रोतमा नै गम्भीर संकट आइरहेको छ। यो एक विरोधाभासपूर्ण अवस्था हो, जहाँ जीवन दिने स्रोत नै विनाशको कारण बनिरहेको छ। यसले चुरेको संरक्षण केवल पर्यावरणीय मुद्दा नभई तराईको समग्र अर्थतन्त्र, खाद्य सुरक्षा, र लाखौं मानिसको अस्तित्वसँग जोडिएको राष्ट्रिय सुरक्षाको मुद्दा हो भन्ने गहिरो सन्देश दिन्छ।

**चुरेको भूगर्भिक र पारिस्थितिक अवस्थाः**
चुरे पर्वत शृंखला नेपालको “ग्रिन बेल्ट“ को रूपमा रहेको छ, जुन इलामदेखि कञ्चनपुरसम्म फैलिएर करिब ३६ जिल्लाको भूभाग ओगटेको छ र नेपालको कुल भू-भागको करिब १३ प्रतिशत (१२,८९१ वर्ग किलोमिटर) ओगट्छ। चुरे क्षेत्रलाई जैविक विविधताको खजाना मानिन्छ। यस क्षेत्रमा ३९ प्रतिशत भू-भाग साल वनले ढाकेको छ। यहाँ ४१ प्रजातिका स्तनधारी, ३७९ प्रजातिका चराचुरुङ्गी, अन्तर्राष्ट्रिय महत्व पनि रहेको छ ।

**चुरे विनाशका मुख्य कारणहरूः**
चुरे क्षेत्रमा भइरहेको निरन्तर विनाश प्राकृतिक र मानवीय दुवै कारणहरूको जटिल संयोजनको परिणाम हो। भूवैज्ञानिक रूपमा कमजोर र नरम चट्टानले बनेको हुनाले यो क्षेत्र आफैंमा भूक्षयका लागि संवेदनशील छ, तर पछिल्ला केही दशकमा मानवीय हस्तक्षेपले यो संवेदनशीलतालाई चरम विन्दुमा पुऱ्याएको छ। ढुंगा, गिट्टी, बालुवाको अव्यवस्थित उत्खननले नाजुक संरचना विनाश गर्दै गएको छ भने स्थानीय सरकारलाई प्रमुख आयस्रोत भए पनि वातावरणीय प्रभाव मूल्यांकन नगरी ठेक्का दिइँदा समस्या झन् गहिरिँदै गएको छ। यससँगै काठदाउरा र गिट्टी-बालुवाको चोरी-निकासी बढ्दा पहिले घना देखिने वन पातलो बन्दै गएको छ, तर सरकारले संरक्षणका लागि बजेट उपलब्ध गराउँदा पनि त्यसको सदुपयोग हुन नसकेर फिर्ता हुने गरेको छ। सिन्धुलीमा मात्र गत आर्थिक वर्ष ०८१/८२ मा ९ करोडभन्दा बढी बजेट खर्च गर्न नसकी फिर्ता गरिएको उदाहरण छ, जसको कारण जनशक्ति अभाव, कानुनी झन्झट र फिल्डमा विवादलाई देखाइएको छ। प्राकृतिक कारणतर्फ, खडेरी लामो हुने, वर्षा असामान्य रूपमा तीव्र हुने र तापक्रम बढ्ने जस्ता जलवायु परिवर्तनका असरले चुरे क्षेत्रको जमिनलाई अझ असुरक्षित बनाइरहेको छ। यही प्रभावका कारण हाल २०८२ सालमा परेको भीषण बन्दै गएको छ। विगतमा २०-२५ फिटको गहिराइमा पाइने पानी अहिले १५० फिटभन्दा तल झरेको छ र प्रत्येक वर्ष जलस्तर २-३ फिटले घट्दै गएको छ। जस्तै महोत्तरीको बर्दिबास, धनुषाको जनकपुरधामलगायतका धेरै क्षेत्रमा चापाकल सुकेर खानेपानीको गम्भीर समस्या देखिएको छ।

**संरक्षणका प्रयासहरू र भविष्यका रणनीतिहरूः**
चुरे संरक्षणका लागि राजनीतिक, सामाजिक, वैज्ञानिक र सामुदायिक सबै पक्षको सन्तुलित प्रयास आवश्यक छ। सबैभन्दा पहिला, कागजमा मात्र सीमित भएका कानुन र नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। अवैध उत्खनन र वन फँडानीमा संलग्न राजनीतिक व्यक्तिहरू र ठेकेदारहरूलाई कानूनको दायरामा ल्याई जवाफदेही बनाउन सकिए मात्र वास्तविक परिणाम आउँछ।

यससँगै, सामुदायिक सहभागितालाई प्राथमिकता दिनुपर्छ। नेपालकै सामुदायिक वन प्रणाली चुरे क्षेत्रमा पनि लागू छ, जहाँ हजारौं उपभोक्ता समूहले स्थानीय वन संरक्षणमा सक्रिय भूमिका खेलेका छन्। धेरै ठाउँमा स्थानीयवासीले वृक्षारोपण, ताल संरक्षण, घेराबार र इन्धन बचत गर्ने प्रविधि अपनाएका छन्, साथै केही जिल्लामा ताल र खोला पुनर्जीवनका सफल उदाहरणहरू देखिएका छन्। पश्चिम नेपालमा त स्थानीय समूहहरूले लाखौं बिरुवा रोपेर उजाड जमिनलाई हरियो वनमा रूपान्तरण गरेका छन्। तर यस्ता प्रयासलाई दिगो बनाउन राज्यले थप सहयोग र प्रोत्साहन दिनु अत्यावश्यक छ।

त्यसैगरी, चुरे व्यवस्थापन वैज्ञानिक आधारमा गर्नुपर्ने भएकाले यसलाई भौगोलिक संवेदनशीलताका आधारमा उच्च संवेदनशील र संवेदनशील क्षेत्रमा वर्गीकरण गरी सोहीअनुसार रणनीति लागू गर्नुपर्छ। जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, वृक्षारोपण, खहरे नियन्त्रण तथा भूमिगत जल पुनःभरणजस्ता दीर्घकालीन उपायहरूलाई प्राथमिकता दिनुपर्छ। साथै, सरकारका तीनै तह–संघ, प्रदेश र स्थानीय–सँगै नागरिक समाज, गैर-सरकारी संस्था (जस्तै क्षक्ष्ल, ब्ञ्क्ष्ल), सञ्चारकर्मी र आम जनताको संयुक्त सहभागिता अपरिहार्य छ। यसरी मात्र चुरेको विनाश रोकथाम गर्दै दिगो संरक्षण सम्भव हुन्छ।

**निष्कर्षः**
२०८२ को विपत्ति एउटा स्पष्ट चेतावनी थियो, जुन दशकौंदेखि चलिरहेको चुरे पहाडको व्यवस्थित विनाशको सीधा परिणाम थियो। यो विपत्ति केवल प्राकृतिक कारणहरूले आएको थिएन, बरु चुरेप्रतिको हाम्रो सामूहिक व्यवहारका कारण प्रवर्धित भएको थियो। यो यस्तो समय हो जब नेपाललाई एउटा प्रतिक्रियात्मक, आयोजना-आधारित दृष्टिकोणबाट एउटा समग्र, एकीकृत र समुदाय-केन्द्रित रणनीतितर्फ जानुपर्छ। जसरी संस्कृतको एउटा प्राचीन भनाइले भन्छ, “प्रकृति रक्षितः रक्षिता“ - यदि हामीले प्रकृतिको रक्षा गर्छौं भने, प्रकृतिले हाम्रो रक्षा गर्दछ। चुरेलाई बचाउनु नेपालको राष्ट्रिय सुरक्षा र तराईका लाखौं मानिसको भविष्यलाई बचाउनु हो। यो अब केवल एउटा वातावरणीय मुद्दा होइन, बरु एउटा अस्तित्वसम्बन्धी सङ्कट हो जसका लागि तत्काल र निर्णायक कारबाहीको आवश्यकता छ।

# आयोग पूर्ण रुपमा चुनाव गराउने तयारीमा लागिसक्यो

हामी अहिले प्रारम्भिक चरणमा छौं । यति यति चाँडो बिचमा मध्यावधि निर्वाचन हुन्छ भनेर कसैले पनि कल्पना गरेको स्थिति थिएन । अहिले अपर्झट आइपरेको स्थिति हो । त्यस कारण सबै अध्ययन गरेर मात्र थप कुरा भन्न सकिन्छ । अहिले हाम्रो विज्ञ टिमले पनि अध्ययन गर्दैछ ।



**रामप्रसाद भण्डारी**
**कार्यवाहक प्रमुख निर्वाचन आयुक्त**

**० नयाँ परिस्थिति निर्माण भएसँगै सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन मिति तोकेको छ, निर्वाचन आयोगले कसरी सोच्दैछ ?**

– सोच्नै पर्दैन, सरकारले मिति घोषणा गरिसकेपछि आयोग निर्वाचन गर्न तयार छ, हुनुपर्छ ।

**० समय त पर्याप्त छ, तर उक्त मितिमा निर्वाचन सम्पन्न गर्न त्यसअघि नगरी नहुने कामहरू के-के हुन् ?**

– मूल कुरो निर्वाचन व्यवस्थापन गर्नुपऱ्यो । सरकारले स्रोतसाधन जुटाउनुपऱ्यो । नियमित निर्वाचनभन्दा पनि यो आकस्मिक भइपरि आएको निर्वाचन हो । त्यसका लागि कतिपय ऐन-नियमहरू बाधक पनि हुन सक्छन् । त्यसलाई सरकारले अध्यादेशमार्फत खोल्दिनुपऱ्यो ।

धेरै ठाउँमा भौतिक संरचनाहरू ध्वस्त छन् । त्यसलाई पनि कसरी व्यवस्थापन गर्ने भन्ने प्रश्नहरू छन् । त्यसमा सरकारले सहयोग गर्नुपऱ्यो । सरकारले सहयोग गर्ने भएपछि निर्वाचन आयोगको काम निर्वाचन नै गर्ने भएकाले आयोग निर्वाचन गर्न सक्षम छैन कि भनेर सोचिरहनुपर्दैन ।

**० सामान्य अवस्थामा पहिले मतदाता नामावलीको टुंगो लगाएपछि निर्वाचन मिति घोषणा हुन्थ्यो । तर अहिले त्यो परिस्थिति छैन । नयाँ मतदाता नामावली अपडेट गर्नुपर्ने अवस्था छ । त्यसका लागि कसरी काम गर्नुहुन्छ ?**

– तपाईंले ठिक प्रश्न राख्नुभयो । मतदाता नामावली ऐन २०७३ बमोजिम निर्वाचनको मिति घोषणा भइसकेपछि सोही मितिमा मतदान गर्ने प्रयोजनको लागि मतदाता नामावली सङ्कलन गरिने छैन भन्ने कानुनी व्यवस्था छ । त्यस कारण त्यो व्यवस्था संशोधन नगर्ने र नयाँ मतदाता नामावली सङ्कलन नगर्ने हो भने थुप्रै मतदाताहरू छुट्नुहुन्छ ।

त्यसो भएकाले विद्यमान व्यवस्थालाई सरकारले अध्यादेशमार्फत संशोधन गर्नुपर्छ । त्यसरी ऐन संशोधन गरेर मतदाता नामावली सङ्कलन गर्न सकिन्छ ।

**० यसबारेमा सरकारसँग आयोगले छलफल गरिसक्यो ?**

– ऐन संशोधनबारे आयोगले सरकारसँग कुरा गरिसकेको छ । कुराकानीका क्रममा सरकार सहयोग गर्न पूर्ण तयार छ । त्यसो भएकाले निर्वाचन गर्न समस्या हुँदैन र एक-दुई दिनभित्रै यो समस्या हल हुन्छ भन्ने मेरो बुझाई छ ।

**० एउटा त मतदाता नामावली अपडेटका लागि नियमावली संशोधनको कुरा भयो, त्यसबाहेक अरु पनि कुनै कानुनी जटिलता छ कि ?**

– हामी अहिले प्रारम्भिक चरणमा छौं । यति यति चाँडो बिचमा मध्यावधि निर्वाचन हुन्छ भनेर कसैले पनि कल्पना गरेको स्थिति थिएन । अहिले अपर्झट आइपरेको स्थिति हो । त्यस कारण सबै अध्ययन गरेर मात्र थप कुरा भन्न सकिन्छ । अहिले हाम्रो विज्ञ टिमले पनि अध्ययन गर्दैछ । त्यो टिमले अध्ययन गरिसकेपछि के-के हामीलाई बाधा-अड्चन छन् र के-के बाधा-अड्चन फुकाउनुपर्छ भन्ने अध्ययन प्रतिवेदन आइसकेपछि सबै कुरा भन्न सकिन्छ ।

**० भनेपछि चुनाव गर्न आन्तरिक तयारीमा आयोग लागिसकेको छ ?**

– हो, आयोग पूर्ण रूपमा आयोग चुनाव गराउने तयारीमा लागिसक्यो । अब बिदा पनि नबसीकन हाम्रा कर्मचारीहरू ढुक्कै अब निर्वाचनको काम र व्यवस्थापनमा लागिसक्नुभएको छ ।

**० आयोगमा केही आयुक्तहरूको पद पनि रित्त छ, कर्मचारीहरू पनि सोही अनुसार व्यवस्थापन गर्नुपर्ला त्यसबारेमा सरकारसँग कुरा भयो कि ?**

– सबै व्यवस्थापन हुन्छन् । कुनै पनि समस्या हुँदैन ।

**० विदेशमा रहेका नेपाली नागरिकले पनि मतदान गर्न पाउँछन् त ? कति सम्भव देख्नुहुन्छ ?**

– असम्भव भन्ने त केही पनि हुँदैन, छैन । तर राज्यले सहयोग गऱ्यो । विदेशमा रहेका नेपाली नागरिकलाई मतदान गर्ने गरी राज्यले स्रोतसाधन जुटाउन सक्नुपर्छ । त्यो काम गर्न राज्यले सक्छ कि सक्दैन ? हामीले राज्यको अवस्था र स्थिति पनि हेर्नुपर्छ । र, अहिलेको कानुनले त्यसलाई अहिले नै तुरुन्तै दिँदैन । कानुनको बाधा-अड्चन फुकाएर सम्बोधन गर्ने हो भनेदेखि निर्वाचन आयोग ती मतदाताहरूको मताधिकार सुनिश्चित गर्न तयार छ । तर फेरि पनि भन्छु राज्यले स्रोतसाधन जुटाउनुपर्छ । यसले धेरै ठुलो स्रोतसाधन माग गर्छ । निर्वाचन आयोगको कामै निर्वाचन गराउने, मतदाताहरूको मत सङ्कलन गर्ने, अनि चुन्ने र चुनिएर आउने अधिकारबाट सबैलाई सुरक्षित राख्ने हो । जनमतबाट जनप्रतिनिधि चुनेर सरकार गठन लगायतका प्रक्रियाहरू स्थापित गर्ने कुरामा निर्वाचन आयोग पछि हट्ने कुरै छैन ।

**० अहिले निर्वाचन आयोगको रेकर्डमा कति मतदाता छन् र अब कति बढ्ने अपेक्षा गर्नुभएको छ ?**

– अहिले ठ्याक्कै मसँग त्यो डाटा भएन । तर पछिल्लो रेकर्डमा लगभग १ करोड ८१ लाख मतदाता हुनुहुन्छ ।

*- रातोपाटीबाट*

# जनमतका ६ नेताहरुद्वारा सामूहिक राजीनामा

काठमाडौँ । डा.सीके राउत नेतृत्वको जनमत पार्टीका वरिष्ठ उपाध्यक्ष र प्रवक्तासहित ६ शीर्ष नेताहरूले सामूहिक राजीनामा दिएका छन् ।

वरिष्ठ उपाध्यक्ष अब्दुल खान र प्रवक्ता डा.शरदसिंह यादव लगायत ६ नेताहरुले पार्टी नेतृत्वप्रति असन्तुष्टि जनाउँदै सामूहिक राजीनामा दिँदै आजैको मितिदेखि साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट उनीहरुले राजीनामा दिएका हुन् ।

राजीनामा दिनेहरूमा जनमतका वरिष्ठ उपाध्यक्ष खान, केन्द्रीय प्रवक्ता डा. यादव, जनमत युवा संघका केन्द्रीय संयोजक सञ्जय कुमार यादव, जनमत स्वास्थ्यकर्मी सङ्घका केन्द्रीय संयोजक सी.के. सिंह, सुदूरपश्चिम प्रदेशका वरिष्ठ प्रदेश इन्चार्ज राजाराम चौधरी र राष्ट्रिय परिषद् सदस्यसहित केन्द्रीय सदस्य विक्रम बहादुर बम रहेका छन् ।

पार्टी अध्यक्षलाई सम्बोधन गरेर पठाइएको पत्रमा उनीहरूले नेपालका विषम परिस्थिति र जनमानसको अपेक्षाअनुरूप पार्टी नेतृत्वले आत्मालोचना गर्न नसकेको र नेतृत्व परिवर्तनको मागलाई अस्वीकार गर्दै नेताहरूले अपमान गरेको आरोप लगाएका छन् ।



राजीनामा पत्रमा भनिएको छ, 'नेपालको विषम परिस्थितिलाई मध्यनजर गरी जनभावना अनुरूप पार्टीको प्रमुख नेतृत्वलाई आत्मालोचना गरी नेतृत्व परिवर्तनको निम्ति अल्टिमेटमसहित हामीले माग गरेको राजीनामा पत्रलाई तपाईंले अवहेलना गरी जेन्जी पुस्ताले बगाएको रगतको अपमान गरी उल्टै नेता कार्यकर्ताहरूलाई अंहकारको भाषामा आफ्नो आधिकारिक फेसबुकमार्फत धारणा सार्वजनिक गरी सकेपछि हाम्रो ध्यानाकर्षण भएको छ ।'

आफूहरू कुनै प्रकारको पद स्वार्थको राजनीतिमा सामेल नहुने बताउँदै जनभावना तथा नयाँ पुस्ताको चाहना अनुरूप जेनजी पुस्ताकै नेतृत्वमा सामेल भई सहयोग र सहकार्य गर्ने प्रतिबद्धता समेत जनाएका छन् ।

उनीहरुले जनमत पार्टीका अध्यक्ष डा.सिके राउतलाई २४ घण्टाभित्र राजीनामा दिन अल्टिमेटम दिएका थिए । त्यसपछि अध्यक्ष राउतले उल्टै उनीहरूलाई नै राजीनामा दिन सुझाव दिएका थिए ।

# नेपालमा नयाँ पुस्ताको नेतृत्व माग



प्रेमचन्द्र झा

नेपालको राजनीतिमा दशकौंदेखि जरा गाडेका नेताहरू–शेरबहादुर देउवा, केपी शर्मा ओली, माधवकुमार नेपाल र पुष्पकमल दाहाल 'प्रचण्ड'–अझै पनि राजनीतिको केन्द्रमा छन्। यिनै नेताहरू नेतृत्वमा रहँदा देशले लोकतान्त्रिक गणतन्त्र, संघीयता र समावेशी राजनीतिको अभ्यास गरेको भए पनि, आजको दिनमा उनीहरूमाथि तीव्र आलोचना हुन थालेको छ। नयाँ पुस्ता, विशेष गरी "जेन जेड" वा अहिलेको जागरुक युवा पुस्ताले ती नेताहरूको राजीनामा माग गर्दै आन्दोलन गरिरहेका छन्। उनीहरूका अनुसार, यी नेताहरूले नेपालमा सुदृढ लोकतन्त्र विकास गर्न असफल भएका छन्, जनताको चाहनाअनुसार शासन सञ्चालन गर्न सकेका छैनन्, र भ्रष्टाचार, स्वार्थ र सत्ताको लोभमा पुराना संरचनालाई जोगाइरहेका छन्।

जेनजि आन्दोलन (न्भल-श :यखझभलत) एक स्वत:स्फूर्त र डिजिटल युगको आन्दोलन हो जसमा युवाहरूले सामाजिक सञ्जाल, सडक प्रदर्शन र साङ्गठनिक दबाबमार्फत परिवर्तनको आवाज उठाएका छन्। मुख्य मुद्दा भनेको पुराना नेताहरूको नेतृत्व असफल भएको र नयाँ पुस्तालाई अवरोध गरिएको हो।

यस आन्दोलनमा उठाइएका प्रमुख मागहरूमा नयाँ पुस्तालाई राजनीतिक नेतृत्वमा अवसर दिनु, पुराना नेताहरूले स्वेच्छिक राजीनामा गर्नु, भ्रष्टाचार विरुद्ध कठोर कारबाही गर्नु, मानव अधिकार उल्लङ्घनको छानबिन गर्नु र नीति निर्माणमा युवा सहभागिता सुनिश्चित गर्नु रहेका छन्।

तर यो आन्दोलन सहज बनेको छैन। केही स्थानहरूमा प्रदर्शनकारीहरूमाथि दमन गरिएको, सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको र युवाहरूको मौलिक अधिकार हनन भएको आरोपहरू छन्। कतिपय घटनामा गोली चलाइएको, धरपकड गरिएको र मानसिक दवाबका कारण आत्महत्या समेत भएको बताइन्छ। यही आधारमा नेताहरूमाथि "नरसंहार" जस्ता गम्भीर आरोपहरू समेत लगाइएको छ।

पुराना नेताहरूको नेतृत्वमाथि पनि व्यापक आलोचना हुँदै आएको छ। शेरबहादुर देउवाको पाँच कार्यकाल लामो भए पनि उनले आन्तरिक लोकतन्त्रलाई संस्थागत गर्न सकेनन्। युवाहरूलाई अवसर दिन नसकेको, कमजोर प्रशासनिक नेतृत्व र भ्रष्टाचारका कारण उनमाथि आलोचना छ। केपी शर्मा ओलीले राष्ट्रवादी छवि बनाए पनि कार्यान्वयनमा कमजोरी, सत्ताकेन्द्रित सोच र अभिव्यक्तिमाथि अंकुश जस्ता कारणले उनीप्रति असन्तुष्टि बढेको हो। माधवकुमार नेपालले नयाँ पार्टी खोले पनि व्यवहारमा पुरानै राजनीतिक शैली दोहोरिएको देखिन्छ। उनको नेतृत्वले युवालाई खासै आकर्षित गर्न सकेको छैन। पुष्पकमल दाहाल 'प्रचण्ड' ले कहिल्यै स्पष्ट दिशा दिन सकेनन्। युद्धकालीन विरासत र पछिल्ला सत्ता समीकरणका कारण उनी नेतृत्वको बदनाम प्रतीक बनेका छन्।

युवाहरूको असन्तुष्टि धेरै गहिरो कारणमा आधारित छ। नेपाली राजनीतिमा स्थायित्वको अभाव, नीति निरन्तरताको कमजोरी, र बारम्बार सरकार परिवर्तनले उनीहरूमा आक्रोश पैदा गरेको छ। भ्रष्टाचार, ढिलासुस्ती र अनियमितता चरम सीमामा पुगेको छ। बेरोजगारी, कमजोर शिक्षा प्रणाली र अवसरको अभावका कारण युवाहरू विदेश पलायनमा लाग्न बाध्य छन्। यी सबै समस्याको मूल कारण उनीहरूले पुराना नेताहरूलाई मान्ने गरेका छन्। पार्टीहरूको संरचना अझै पनि पुरानै ढाँचामा चलेको छ, जहाँ ७० वर्ष नाघेका नेताहरू अझै पनि पार्टीका शीर्ष नेतृत्वमा छन्। यस्तो अवस्थामा युवा पुस्ताले आन्दोलनमार्फतै नेतृत्व परिवर्तनको माग गरिरहेका छन्।

तर, पुराना नेताहरू भने आफूलाई "लोकतन्त्रका निर्माता" भनेर स्थापित गर्न खोजिरहेका छन्। उनीहरूले आन्दोलनलाई "भावनात्मक प्रतिक्रिया", "विदेशी प्रेरित" वा "अराजक गतिविधि"का रूपमा चित्रण गर्ने प्रयास गरेका छन्। यद्यपि, कतिपय नेताहरूले नेतृत्व हस्तान्तरणको कुरा बोले पनि व्यवहारमा नयाँ अनुहारहरूलाई अगाडि ल्याउने ठोस प्रयास देखिएको छैन। उदाहरणका लागि, देउवा र ओलीबीच भएका वार्ताहरूमा नेतृत्व सुम्पने विषयभन्दा सरकारमा कसरी सहभागी हुने भन्नेमा मात्र छलफल भएको देखिन्छ।

समस्या समाधानका लागि केही ठोस उपायहरू अवलम्बन गर्न आवश्यक छ। सबैभन्दा पहिला, पुराना नेताहरूले स्वेच्छिक रूपमा नेतृत्व हस्तान्तरण गर्नुपर्छ। पार्टीहरूमा उमेर सीमा तोकिनु, आन्तरिक लोकतन्त्र विकास गर्नु र युवाहरूलाई जिम्मेवारी दिनु आवश्यक छ। नीति निर्माणमा युवाको सहभागिता बढाउनुपर्छ, विशेष गरी स्थानीय तहदेखि केन्द्रसम्म। संविधान र मानव अधिकारको सम्मान हुनुपर्छ, आन्दोलनमाथिको दमन रोक्नुपर्छ र दोषीमाथि कारबाही हुनुपर्छ। साथै, शिक्षा, रोजगारी र उद्यमशीलता प्रवर्द्धनका लागि दीर्घकालीन रणनीति आवश्यक छ। पार्टी संरचनामा सुधार, निर्णय प्रक्रियामा पारदर्शिता, आन्तरिक प्रतिस्पर्धाको प्रवर्धन पनि अत्यावश्यक छ।

यद्यपि, यो मार्ग सहज छैन। पुराना नेताहरूको सत्तामा मोह, युवाहरूमा अनुभवको कमी, नेतृत्व परिवर्तनसँगै आउने सम्भावित अस्थिरता र दलभित्रको प्रतिरोधले यो प्रक्रिया चुनौतीपूर्ण बनाउँछ। तर परिवर्तनको माग अब नअटेरी हुने स्तरमा पुगेको छ।

नेपालको राजनीति अहिले यस्तो मोडमा पुगेको छ जहाँ युवाहरूले नेतृत्वको सवालमा कडा प्रश्न उठाएका छन्। पुराना नेताहरूले देशमा लोकतन्त्र ल्याएको भए पनि तिनको योगदानको सीमारेखा अब पूर्ण हुन थालेको संकेत जनताले दिएका छन्। राजनीतिको स्वाभाविक विकासक्रम अनुसार, नेतृत्वमा पुस्तान्तरण अपरिहार्य हुन्छ। तर त्यो स्वाभाविक रूपले नभएमा जनदबाव, आन्दोलन र समयकै चक्रले त्यसो गराउँछ। यदि अहिलेका नेता वास्तवमै राष्ट्रप्रेमी छन् भने, उनीहरूले स्वयं पद हस्तान्तरणको पहल लिनुपर्छ, नयाँ पुस्तालाई प्रशिक्षण, अवसर र संरचना दिनुपर्छ। यसो हुन सकेमा मात्र नेपालमा स्थायित्व, समावेशिता, उत्तरदायित्व र नवप्रवर्तनयुक्त राजनीतिको विकास सम्भव छ।

युवाहरूले उठाएका आवाजहरूलाई दबाउने होइन, सुन्ने र सम्बोधन गर्ने हो। किनभने आजको युवा नै भोलिको नेता हो – र उनीहरूलाई अधिकार, अवसर र जिम्मेवारी दिनु अब टार्नै नसकिने आवश्यकता बनिसकेको छ।

# नवनियुक्त तीन मन्त्रीहरूद्वारा शपथ ग्रहण



काठमाडौं । नवनियुक्त तीन मन्त्रीहरूले पद तथा गोपनीयताको सपथ लिएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरू रामेश्वर खनाल, कुलमान घिसिङ र ओमप्रकाश अर्याललाई सपथ गराएका हुन् ।

राष्ट्रपति पौडेलले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उहाँहरूलाई आइतबार साँझ मन्त्रीमा नियुक्त गरेका थिए ।

नवनियुक्त मन्त्रीहरूमध्ये खनाललाई अर्थ, घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ भने अर्याललाई गृह र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी तोकिएको छ । बाँकी मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले नै सम्हालेका छन् ।

खनाल नेपाल सरकारका पूर्व अर्थ सचिव हुन् भने घिसिङ नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक हुन् । अर्याल अधिवक्ता हुन् ।

खनालले आर्थिक सुधार र सुशासनका क्षेत्रमा काम गर्दै आएका छ भने घिसिङले प्राधिकरणको जिम्मेवारीबाट हटेपछि नागरिकका आवाज उठाउँदै आएका छन् ।

अधिवक्ता अर्याल अख्तियार दुरुपयोग अनुसन्धान दुरुपयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिको अयोग्यतासम्बन्धी मुद्दामा पुनरावेदन हालेपछि उनी चर्चामा आएका थिए ।

सपथ ग्रहणका अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित थिए ।


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# भ्रष्टाचार विरोधी जेन जेड आन्दोलन ओझेलमा पार्ने षड्यन्त्र

गौर । रौतहटमा प्रमुख प्रशासकिय अधिकृत नहुदै पुरानै निमितको नाममा नगरपालिकाहरुको खाता खोल्ने तयारीको चौतर्फी विरोध भएको छ । विभिन्न राजनैतिक दलका नेता ,समाजिक अभियन्ता तथा पत्रकारहरुले सामाजिक सञ्जाल मार्फत विरोध जनाएका हुन । भ्रष्टाचार विरोधी जेन जेड आन्दोलन ओझेलमा पार्ने षडयन्त्र भई रहेका छन । जो रक्षक उहीँ भक्षक सिनेको थिए तर यश प्रसंगले रौतहट ज्वलन्त उदाहरण बनेका छन । यसै क्रममा जिल्लाका चार स्थानीय तहमा नयाँ प्रमुख प्रशासकीय अधिकृतहरू हाजिर हुन नपाउँदै आर्थिक कारोवार सुरू गरिएको भन्दै तीव्र आलोचना सुरू भएको छ। राजपुर नगरपालिका, माधवनारायण नगरपालिका, गढिमाई नगरपालिका र राजदेवी नगरपालिकामा पुरानै प्रशासकीय अधिकृतको नाममा आर्थिक खाता सञ्चालन गरिएपछि स्थानीय तहमा प्रशासकीय पारदर्शिताको सवाल उठेको हो।




स्रोतका अनुसार, कोष तथा लेखा नियन्त्रण कार्यालय गौरका प्रमुख कोष नियन्त्रक देवि प्रसाद गौतमले आफ्नो तजबिजी अधिकार प्रयोग गरी खाता रोक्का गर्न सक्ने भए तापनि, सम्बन्धित स्थानीय तहबाट पत्राचार आएपछि खाता सञ्चालनमा सहमति जनाइएको थियो।

यसअघि, समान्य प्रशासन मन्त्रालयले रौतहटका सबै स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरूलाई सरुवा गरिसकेको छ। तर, हालसम्म उनीहरू सम्बन्धित कार्यस्थलमा हाजिर हुन सकेका छैनन्। यो अवस्थाको मूल कारणको रूपमा "जेन जेड आन्दोलन" लाई मानिएको छ, जसले मुलुकभरका सरकारी कार्यालयहरूको सञ्चालन प्रभावित पारिरहेको छ। चौतर्फी आलोचना बढेपछि हाल ती खाताहरू रोक्का गरिएको प्रमुख कोष नियन्त्रक कार्यालयले जनाएको छ। स्थानीय निकायमा नयाँ प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिमा निमित्त अधिकृतमार्फत आर्थिक कारोवार अगाडि बढाउनु आफैँमा कानुनी र नैतिक प्रश्न उठाउने विषय भएको स्थानीय नागरिक समाजले जनाएको छ।

भ्रष्टाचारलाई प्रश्रय दिने अभ्यास स्थानीय तहमा प्रशासकीय प्रमुख नहुदा समेत आर्थिक कारोबार अघि बढाउनु, कतिपय अनुसार, "प्रशासनिक कमजोरी मात्र नभई, भ्रष्टाचारलाई प्रश्रय दिने अभ्यास" हो। यो विषयले नेपालमा भ्रष्टाचार चरममा पुगेको संकेत दिएको भन्दै विभिन्न सरोकारवाला समूहहरूले चिन्ता व्यक्त गरेका छन्।

विगत केही हप्तादेखि जेन जेड पुस्ताद्वारा सञ्चालित आन्दोलनका कारण सरकारी कार्यालयहरूमा नियमित प्रशासनिक कामकाज प्रभावित भएको छ। यही आन्दोलनका कारण प्रमुख प्रशासकीय अधिकृतहरू आफ्नो नयाँ कार्यस्थलमा हाजिर हुन नसकेको बताइएको छ।

सार्वजनिक दबावपछि खाता रोक्का

आलोचना बढेपछि हाल ती चार स्थानीय तहको आर्थिक कारोवारका लागि सञ्चालन गरिएका खाता रोक्का गरिएको हो। अब प्रशासकीय प्रमुखहरूको हाजिरीपछि मात्र ती खाताबाट आर्थिक क्रियाकलापहरू अघि बढ्ने स्पष्ट गरिएको छ।

स्रोतहरूले बताए अनुसार, समान्य प्रशासन मन्त्रालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, र स्थानीय सरकारबीच अबको दिनमा स्पष्ट मार्गनिर्देशन र समन्वय आवश्यक देखिएको छ, ताकि यस्ता कानुनी र नैतिक जटिलता नदोहरिऊन्।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# 'सत्ता र कुर्सी छाडेर भागेकाहरुले पुनः व्यवस्था र संविधान ज्यूँदै छ भन्नु मुर्खता हो'



काठमाडौं । राष्ट्रिय मातृभूमि पार्टीले जेन्जी आन्दोलनको उपलब्धीको रक्षा र भ्रष्टहरुलाई तत्काल कारबाहीको माग गरेको छ । आइतबार राजधानीको संवाद डबलीमा पार्टीले पत्रकार सम्मेलनको आयोजना गरी संविधानको रक्षाका नाममा भ्रष्ट व्यवस्था बचाउने खेल भएकोसमेत आरोप लगाएको छ ।

पार्टीका अध्यक्ष रामशरण पाण्डेले जेन्जीहरुले देश बनाउने असल नियतका साथ आन्दोलन गरे पनि त्यसमा घुसपैठको कारण ठूलो क्षति भएको जिकिर गरेका छन् । अध्यक्ष पाण्डेले आन्दोलनका कारण प्रधानमन्त्रीदेखि सरकारका सबै निकाय कुर्सी छाडेर भागिसकेपछि पुनः उनिहरुले संविधान र व्यवस्था जिवित छ भन्नु गलत भएको बताएका छन् ।

पाण्डेले पुराना ठूला दलहरुप्रति जनताहरुको वितृष्णाको विष्फोटकारुपमा जेन्जी आन्दोलन भएको बताउँदै भने,"जनताको बिद्रोह जायज थियो र त्यो केही हदसम्म सफल भए पनि नेतृत्व विहिन आन्दोलनका कारण उपलब्धी पुनः गुम्ने खतरा छ, सबै सचेत बनौं ।"

वरिष्ठ नेता केबी लिम्बुले राष्ट्रिय सम्पत्तिमा आगो लाग्दैगर्दा सेनालगायत सुरुक्षा निकायले अन्देखा गर्नु देश असफल बनाउने डरलाग्दो षड्यत्रको आशंका गरे । उनले त्यसलाई छानविन गरेर दोषीलाई कारबाही गरिनुपर्नेसमेत माग राखे ।

महासचिव गोविन्द गिरीले जेन्जीले मुलरुपमा देशमा व्याप्त वेथिति, भ्रष्टाचार र कुशासनको अन्त्यका लागि आन्दोलन गरेकाले सोही अनुरुप नवनियुक्त प्रधानमनत्री शुसिला कार्कीले कार्य अगाडी बढाउनु पर्ने जोड दिए ।

उपमहासचिव लक्ष्मिदत्त भट्टले जेन्जीको आन्दोलनमा घुसपैट गरेर त्यसको मर्मको अपहरण गरिएको आरोप लगाए । सचिव तोप गुरुङले सो कार्यक्रमको सञ्चालन गरेका थिए ।

मागहरु:

१) देशमा भएको बेथिति, भ्रष्टाचार र चरम आर्थिक विश्रृंखलताको कारण सिर्जना भएको जेन–जीको आन्दोलनका उपलब्धिलाई सुरक्षित र संरक्षित गरी मुलुकलाई नयाँ दिशा दिनु पर्ने । शान्तिपूर्ण जनविद्रोह निर्मम ढंगले दबाउन युवा विद्यार्थीको हत्या गर्ने सम्पूर्ण दोषीहरुलाई तत्काल पक्राउ गरी कारवाही गर्नु पर्ने ।

२) आन्दोलनबाट व्यवस्था र अवस्थाको परिवर्तनका लागि दिशानिर्देश प्राप्त भएको हुँदा मृत संविधानको अस्तित्व कागजमा मात्र सीमित रहेको ।

३) राष्ट्रपति र अन्य राजनीतिक दलहरुको हालका विज्ञप्ति संविधानको व्यवस्था र देशको अवस्थालाई यथावत राख्ने पक्षमा भएकाले प्रतिगामी तत्व पुनः जाग्ने अवस्था रहेको ।

४) ब्याप्त भ्रष्टाचार र अकूत सम्पत्तिको संग्रह सम्बन्धमा छानविन गरी राष्ट्रियकरण गर्ने र दोषीलाई कडा कारवाही गर्ने ।

५) आगजनी, लुटपाट र कैदी भगाउने हरकत उपर ६ महिना भित्रमा नै छानविन सम्पन्न गर्नु पर्ने ।

६) जेन–जीको आडमा स्वार्थ सिद्ध गर्ने समूहसँग सचेत रहने ।

७) राष्ट्रिय सभा, प्रदेश सभा र विभिन्न आयोग, प्रतिष्ठानहरु तत्काल खारेज गरी त्यहाँ भइरहेका साधनस्रोतको व्यय पुनःनिर्माणमा लगाउनु पर्ने तथा पूर्व भि.आई.पि.हरुको सेवा सुविधा तत्काल खारेज गर्नु पर्ने ।

८) नवगठित मन्त्रीपरिषद्का सदस्यहरुले आधा तलवमा सेवा दिनु पर्ने । यसैगरी स्थानीय तहका जनप्रतिनिधिले पनि आधा तलवमा अर्को निर्वाचन नभएसम्म काम गर्नु पर्ने, काम नगर्नेले राजीनामा दिनु पर्ने ।

९) क्षतिग्रस्त संरचना पुनःनिर्माणको लागि नेपाली सेना परिचालन गर्नु पर्ने ।

७) आन्दोलनमा ज्यान गुमाउनेलाई सहिद घोषित गरी क्षतिपूर्ति र परिवारको एक जनालाई तत्काल सरकारी नोकरीमा अवसर दिनु पर्ने । घाइतेहरुलाई पूर्णरुपमा निःशुल्क उपचार गर्नु पर्ने ।

८) नयाँ बानेश्वर स्थित संसद भवन पुनःनिर्माण गरी सो भवनको नाम "जेन–जी स्मृति सभा भवन" नामाकरण गर्नु पर्ने र भवनको परिसरको पार्कमा जेन–जी सहिदको प्रतिमा निर्माण गर्नु पर्र्ने साथै भाद्र २३ लाई जेन–जी सहिद स्मृति दिवसको रुपमा मनाउनु पर्ने ।

८) वाह्य प्रभाव र दबाबबाट पूर्णरुपमा मुक्त भएर नयाँ नेपाल निर्माणको अभियान थालनी गर्नु पर्ने ।

१०) राष्ट्रिय मातृभूमि पार्टीको प्रस्तावित शासकीय स्वरुपका विशेषताहरु जेन–जीको मागसँग सामञ्जस्य रहेको सन्दर्भमा पूर्ण प्रजातान्त्रिक विशेषताहरु सहितको नेपाली राष्ट्रवाद र नेपालवाद झल्किने मौलिक संविधान संशोधन वा पुनर्लेखनको माध्यमबाट जारी हुनु पर्ने ।

उल्लिखित बुँदाहरुमा यस पार्टीबाट कुनै स्पष्टीकरण वा सहयोग र सल्लाह जेन–जी र सरकार समेतलाई आवश्यक परेमा त्यस विषयमा सहकार्य र समन्वय गर्न हाम्रो पार्टी सदैव तत्पर रहेको जानकारी गराउँदछौं ।

# जेनजी आन्दोलनका मृतकलाई शहीद घोषणा गर्ने सरकारको निर्णय

काठमाडौं । सरकारले यही भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा निधन भएका व्यक्तिलाई सहिद घोषणा गर्ने निर्णय गरेको छ ।

नवगठित मन्त्रिपरिषद्को बसेको पहिलो बैठकले सहादत प्राप्त गर्नेलाई राष्ट्रिय सम्मानसहित राष्ट्रिय झण्डा ओढाउने र अन्त्येष्टि गर्ने निर्णय गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए ।

यसैगरी आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिको सम्मानमा आगामी असोज १ गते शोक दिवस मनाउने र सार्वजनिक बिदा दिने निर्णय भएको छ ।

सरकारले सहिदका परिवारलाई क्षतिपूर्तिबापत नियमित दिँदै आएको रु १० लाख र अन्य खर्चबापत थप रु पाँच लाख थप गरी रु १५ लाख सहयोग गर्ने निर्णय गरेको उनले बताए । अर्थ र गृह मन्त्रालयले तथा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत उक्त क्षतिपूर्ति प्रदान गरिने छ ।

बैठकले घाइतेको निःशुल्क उपचार, शव सम्बन्धित स्थानमा लैजानुपरेमा निःशुल्क व्यवस्था र दाहसंस्कारमा सघाउने निर्णय गरेको छ । बैठकले आन्दोलनका क्रममा भएको जनधनको क्षति र ज्यादतीको छानबिन गर्न पूर्वन्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने सैद्धान्तिक निर्णय गरेको गृहमन्त्री अर्यालले जानकारी दिनुभयो । सोही आयोगको प्रतिवेदनका आधारमा आवश्यक काम गरिने उनको भनाइ छ ।

यसैगरी सहादत प्राप्त गर्ने सहिदको स्मरणमा 'जेनजी जागरण स्मारक पार्क' निर्माण गर्ने निर्णय भएको छ । बैठकले अघिल्लो मन्त्रिपरिषद् बैठकमा पेस भएका तर निर्णय नभएका सबै प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने निर्णयसमेत गरेको गृहमन्त्री अर्यालले जानकारी दिए ।

# जेनजीको नेतृत्वमा मधेश प्रदेशमा सरकार गठन गर्न आग्रह



जनकपुरधाम । जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष एवं पूर्वमन्त्री ई.बसन्त कुशवाहाले मधेश प्रदेशमा जेनजीको नेतृत्वमा सरकार गठनका लागि पहल गर्न आग्रह गरेका छन् ।

उपाध्यक्ष ई.कुशवाहाले बुधबार सामाजिक सञ्जालमार्फत् यस्तो आग्रह गरेका हुन् । उनले भनेका छन्, 'जेनजीको आन्दोलनमा पूर्ण समर्थनसहित सहजताको लागि मधेश प्रदेश सरकारबाट जनमत पार्टी अलग भएको छ। अब केही दिनमै प्रदेश प्रमुखले सरकार गठनका लागि सार्वजनिक आह्वान गर्ने छ । सो सरकार जेनजीको नेतृत्वमा गठन होस् । मधेश प्रदेशमा जेनजीको नेतृत्व गरेका तथा जेनजीको आन्दोलनमा सहभागी सम्पूर्ण मधेशी भाईहरू सरकार बनाउन पहल गर्नुस् ।'

उनले भनेका छन्, जनमत पार्टी युवाहरूको पार्टी हो, युवा नेतृत्वको पार्टी हो। तैपनि जनमत पार्टीले मधेश सरकार जेनजीको लागि छोडेको हो, नकि त्यही पूराना अनुहारका लागि ।'

'जेनजीका साथीहरू, अगाड़ी आउनुस्, मधेश भवनमा आफ्नो भूमिका लिनुस्। हामी हरेक किसिमले सहयोग गर्न तैयार छौ। हाम्रो जनमत पार्टीबाट पूर्ण समर्थन छ।' उनले भनेका छन् ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका

पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका

सर्लाही, मधेश प्रदेश

# भौतिक पुनर्संरचना र निर्वाचनका लागि श्रोत खोज्न कार्यदल गठन

काठमाडौँ । जेनजी आन्दोलनका क्रममा क्षति पुगेका भौतिक संरचनाको पुन: निर्माण र आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभाको निर्वाचनका लागि बजेटको स्रोत खोज्न अर्थ मन्त्रालयले तीन सदस्यीय कार्यदल गठन गरेको छ ।

बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सुमन दाहाल, वैदेशिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्मा र राजस्व व्यवस्थापन महाशाखा प्रमुख उत्तरकुमार खत्री कार्यदलमा छन् ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार अहिलेका बजेटमा परेका केही योजना र कार्यक्रम कटौती गरेर कसरी स्रोत व्यवस्थापन गर्न सकिन्छ भनेर आन्तरिक अध्ययनका लागि कार्यदल गठन भएको बताए ।

सोमबार कार्यभार सम्हाल्दै नवनियुक्त अर्थमन्त्री रामेश्वरप्रसाद खनालले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा राजनीतिक दबाबमा बजेटमा परेका, पूर्व तयारी नसकिएका, टुक्रे योजना तथा कार्यक्रम कटौती गरिने बताएका थिए ।

सरकारले पूरक बजेट नल्याउने र अहिलेको बजेटमा परेका योजना तथा कार्यक्रम कटौतीबाटै निर्वाचन र पुन:निर्माणका लागि करिब रु एक खर्ब बराबर स्रोत जुटाउन सकिने अर्थमन्त्री खनालको भनाइ थियो ।

## जेनजी आन्दोलनमा मारिएका प्रहरीका परिवारलाई १० लाख सहयोग दिइने

काठमाडौँ । नेपाल प्रहरीमा कार्यरत कर्मचारीबाट तलब कट्टा गरी मृतक प्रहरीका परिवारलाई रु १० लाखका दरले सहयोग उपलब्ध गराइने भएको छ ।

प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले प्रहरी महानिरीक्षकदेखि प्रहरी निरीक्षकसम्मको तलबबाट कट्टा गरी मृतक परिवारलाई रु १० लाखका दरले सहयोग उपलब्ध गराउने निर्णय गरिएको जानकारी दिए ।

उनले जारी गरेको सूचनामा भनिएको छ, “यही भदौ २३ र २४ गते आन्दोलनका क्रममा कर्तव्य पालनाको सिलसिलामा मृत्युवरण गरेका अमर प्रहरीका परिवारजनलाई प्रहरी महानिरीक्षकदेखि प्रहरी निरीक्षकसम्मको तलब कट्टा गरी प्रतिपरिवार जनही रु १० लाख उपलब्ध गराउने निर्णय भएको ब्यहोरा अनुरोध छ ।”

## आजपाको केन्द्रीय कमिटी बैठक शनिबार बस्ने

काठमाडौं । आम जनता पार्टी (आजपा)को केन्द्रीय कमिटी बैठक बस्दैछ । नयाँ तथा विकशित परिस्थितिबारेमा धारणा बनाउन शनिबार (४ असोज) काठमाडौंमा केन्द्रीय कमिटी बैठक आजपाले बोलाएको हो ।

आजपा केन्द्रीय कार्यालयका सदस्य त्रिभुवन साहले पछिल्लो राजनीतिक अवस्थाको बारेमा धारणा बनाउन केन्द्रीय कमिटीको बैठक बस्न लागेको जनाएका छन् । नेपाली जनताले सबै कुरा अस्वीकार गरिसकेको अवस्थामा पुरानै व्यवस्थालाई स्वीकार गर्न नसकिने उनले बताए ।

संघीय सरकारमात्र नभई ७६१ वटै सरकार र सबै निकाय भ्रष्टाचारमा लिप्त भएकाले संघीय सरकार परिवर्तन गरेर नेपाली जनताको अवस्था परिवर्तन नहुने आजपाले जनाएको छ ।

नयाँ संविधान र नयाँ सरकारको माग गर्दै आएको आजपाको अब बस्न लागेको केन्द्रीय कमिटी बैठकले के निर्णय गर्ने र कस्तो बाटो तय गर्ने भन्ने चासोका साथ हेरिदैछ ।

## चाडपर्व लक्षित चिनी निर्यात गर्न भारतले दियो अनुमति

काठमाडौं । भारतले चाडपर्वलाई लक्षित गर्दै नेपाललाई २५ हजार मेट्रिक टन चिनी निर्यात गर्न अनुमति दिएको छ।

भारत सरकारले राष्ट्रिय सहकारी निर्यात लिमिटेडमार्फत नेपाललाई उक्त परिमाणमा चिनी निर्यात गर्ने अनुमति दिएको हो।

भारत सरकारले ३० सेप्टेम्बर २०२६ सम्म चिनी निर्यातका लागि अनुमति दिएको हो। उक्त चिनी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमार्फत आयात गरिने छ।

चाडपर्वका बेला नेपालमा चिनीको हाहाकार हुँदै आएको छ। चाडपर्वमा चिनीको कमी हुन नदिन भारतले चिनी निर्यात गर्न अनुमति दिएको बताइएको छ।

नेपालमा चिनी उत्पादन भए पनि त्यसले माग धान्न सकेको छैन। नेपालमा उत्पादन हुने चिनीभन्दा दोब्बर माग रहेको विज्ञहरू बताउँछन्। नेपालमा वार्षिक करिब ३ लाख मेट्रिक टन खपत हुँदा करिब डेढ लाख मेट्रिक टन उत्पादन मात्रै नेपालमा हुँदै आएको छ।

नेपालमा माग धान्न सक्ने उत्पादन नहुँदा चाडपर्वका बेला चिनीको हाहाकार हुँदै आएको छ। भारत सरकारले दसैं-तिहार जस्ता चाडपर्वमा चिनीको कमी हुन नदिन उक्त निर्णय लिएको जानकारी दिएको छ।




## पहिलो महिला महान्यायाधिवक्तामा भण्डारी नियुक्त



काठमाडौँ । महान्यायाधिवक्तामा वरिष्ठ अधिवक्ता सविता भण्डारीलाई नियुक्त गरिएको छ । प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा नेपालको संविधानको धारा १५७ को उपधारा २ बमोजिम राष्ट्रपति रामचन्द्र पौडेलले भण्डारीलाई महान्यायाधिवक्ता नियुक्त गरेको राष्ट्रपति कार्यालयले विज्ञप्तिमार्फत जनाएको छ ।

नियुक्तिसँगै भण्डारी नेपालको पहिलो महिला महान्यायाधिवक्ता बनेकी छन् ।

सुमना श्रेष्ठले छोडिन् रास्वपा

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की नेत्री तथा पूर्वशिक्षा मन्त्री सुमना श्रेष्ठले पार्टी छोड्ने घोषणा गरेकी छन् ।

उनले कहिल्यै गल्ती नस्विकार्ने र गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनु पर्ने भन्दै पार्टी छोडेको घोषण गरेकी हुन् ।

उनले जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देश भन्दामाथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको र त्यति बेला देखि नै आलोचना गर्दै आएकोमा उल्टै मिडिया ट्र्याल हुन थालेकोले पार्टी छोडेको घोषण गरेको बताइन् ।

## कारागारबाट फरार १४ कैदी पक्राउ

जनकपुरधाम । केन्द्रीय कारागार काठमाडौँबाट फरार भएका चार जना विदेशी नागरिक सहित १४ जनालाई लाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ गर्नेहरूमा तीन जना नाइजेरियाका नागरिक तथा १ जना ब्राजिलका नागरिक रहेको धनुषाका प्रहरीले जनाएको छ । उनीहरुलाई नेपाल भारतको सीमानाका धनुषाको मैनाथपुर र सवैलावाट प्रहरीले पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा नाइजेरियाका वर्ष ३८ को मो. लामिन्स डाबो, वर्ष ३५ को ग्लोरी बडे, वर्ष ५५ को ईमानुअल ओवुडा उजेईग्बे र वर्ष २५ का ब्राजिलका लारेशन ब्रिटो रहेका छन् । चारै जनालाई भदौ २७ गते नेपाल भारतको सिमानाबाट पक्राउ गरेका थिए ।

उनीहरू भारततर्फ भाग्न थालेको बेलामा धनुषा प्रहरीले पक्राउ गरेको हो । उनीहरू लागु औषधको कारोबारमा केन्द्रीय कारागारमा सजाय पाएकामा जेनजीको आन्दोलनको क्रममा गत मङ्गलवार फरार भएका थिए । यसै गरि धनुषा प्रहरीले सिन्धुली तथा महोत्तरीको जलेश्वर कारागारबाट फरार भएका १० जना अन्य नेपाली बन्दीहरूलाई विभिन्न मितिमा पक्राउ गरेको छ ।

## मटिहानी-५ मा डकैती

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिका वडा-५ बिसनपुर बस्ने मङ्गल महरा र बहादुर महराको घरमा आइतबार राति करिब १२ बजे डकैती भएको छ ।

३-५ जनाको समूहमा धारिलो हातहतियार सहित आएको डाँकाहरूले उक्त घरका सदस्यहरू माथि धारिलो हातहतियार प्रहार गरी घाइते बनाई लाखौँ बराबरको गरगहना,सामग्री र रकम लुटपाट भएको हो।

डाँकाहरूको समूहले मङ्गल महाराको श्रीमती ५० वर्षीय सैलो देवी र छोरी मनिषा कुमारी र छोरा सञ्जीव महरा माथि धारिलो हतियार प्रहार गरी घाइते बनाएको छ ।

घाइतेहरूको उपचार जनकपुर प्रादेशिक अस्पतालमा भइरहेको छ ।

## रुपन्देही-३ को उपनिर्वाचन रद्द

काठमाडौं । निर्वाचन आयोगले रुपन्देही निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम रद्द गरेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रतिनिधिसभाको विघटन गरी आगामी फागुन २१ गतेका लागि नयाँ प्रतिनिधिसभाको निर्वाचन गर्ने मिति तोकिएसँगै उपनिर्वाचन रद्द गरिएको आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिएका हुन् । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम आगामी कात्तिक १७ गते सोमबार रुपन्देही क्षेत्र नं ३ मा उपनिर्वाचनको मिति तोकेको थियो ।

समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# प्रधानमन्त्री कार्की र भारतका प्रधानमन्त्री मोदीबीच टेलिफोन वार्ता

काठमाडौं । अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच टेलिफोन वार्ता भएको छ । त्यसक्रममा मोदीले नेपालमा शान्ति र स्थायित्व कायम गर्न कार्कीको नेतृत्वलाई भारतले निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । यो जानकारी मोदी आफैंले एक्समार्फत् दिएका हुन् ।

कुराकानी आत्मीय भएको उनले बताएका छन् । मोदीले प्रधानमन्त्री कार्कीसँगको कुराकानीमा जेनजी युवा आन्दोलनमा भएको क्षतिप्रति दु:ख व्यक्त गर्दै मृतकका परिवारमा समवेदन पनि प्रकट गरेका थिए ।

उनले असोज ३ गतेको नेपालको संविधान दिवस एवं राष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण नेपालीलाई शुभकामना समेत दिएका थिए ।

त्यसैगरी प्रधानमन्त्री कार्कीले कार्कीले प्रधानमन्त्री मोदीलाई उनको ७५औं जन्मदिनको अवसरमा हार्दिक शुभकामना र मंगलकामना व्यक्त गर्दै, एकताको सन्देशका लागि भारतीय प्रधानमन्त्रीको सराहना गरिन्।

उनले हालको जन-जनको आवाज र पछिल्लो जेनजी आन्दोलनको म्याण्डेट अनुसार चुनाव वर्तमान सरकारको उच्च प्राथमिकता रहनेछ, र जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासनका लागि दृढ संकल्प रहने बताइन । उनले यो युवाको आकांक्षा भएको बताइन् । भारतीय प्रधानमन्त्रीले नेपालको सरकारका प्राथमिकताअनुसार पूर्ण समर्थन र सहकार्यको सुनिश्चितता पनि व्यक्त गरेका छन्।

प्रधानमन्त्री कार्कीले नेपालप्रति भारतले देखाएको दृढ समर्थनका लागि मोदीलाई धन्यवाद दिदै दुई देशबीचको सम्बन्ध अझै सुदृढ पार्ने उनको इच्छालाई समर्थन गरिन् । दुवै देशका प्रधानमन्त्रीले निरन्तर सम्पर्कमा रहने र दुई देशका जनताका हितका लागि द्विपक्षीय सहकार्य र साझेदारीको मजबुत गतिलाई निरन्तरता दिने प्रतिबद्धता पुन: व्यक्त गरेका छन् ।


# नेपालीको शान्ति, प्रगति र समृद्धिप्रति भारत पूर्णरूपमा प्रतिबद्ध छ



काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्कीलाई बधाई तथा शुभकामना व्यक्त गरेका छन् ।

हिजो राति प्रधानमन्त्रीको शपथ लिएको कार्कीलाई मोदीले आज नेपाली भाषामै बधाई दिएका छन् । उनले सामाजिक सञ्जाल एक्समा भनेका छन्, 'नेपालको अन्तरिम सरकारको प्रधानमन्त्रीको रूपमा पदभार ग्रहण गर्नुभएकोमा सम्माननीय श्रीमती सुशीला कार्कीज्यूलाई हार्दिक शुभकामना । नेपालका दाजुभाइ तथा दिदीबहिनीहरूको शान्ति, प्रगति र समृद्धिप्रति भारत पूर्ण रूपमा प्रतिबद्ध छ ।'

# नेपालमा नयाँ अन्तरिम सरकार गठनको भारतद्वारा स्वागत



काठमाडौं । नेपालमा नयाँ अन्तरिम सरकार गठनको छिमेकी मुलुक भारतले स्वागत गरेको छ । पूर्वप्रधानन्यायाधीश सुशिला कार्कीले शुक्रबार अन्तरिम प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेलगत्तै भारतीय विदेश मन्त्रालयले विज्ञप्तिमार्फत स्वागत गरेको हो ।

विज्ञप्तिमा भनिएको छ ,'हामी सुशिला कार्कीको नेतृत्वमा नेपालमा नयाँ अन्तरिम सरकार गठनको स्वागत गर्दछौं । हामीलाई आशा छ कि यसले शान्ति र स्थिरतालाई प्रवर्द्धन गर्न मद्दत गर्नेछ ।'

भारतले नजिकको छिमेकी, लोकतान्त्रिक मित्र र दीर्घकालीन विकास साझेदारको रूपमा दुई देश र जनतको कल्याण र समृद्धिका लागि नेपालसँग मिलेर निरन्तर काम गरिरहने जनाएको छ ।

# प्रधानमन्त्री कार्की र भारतीय राजदूत श्रीवास्तवबीच भेटवार्ता



काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गरेका छन् ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा उनीहरूबीच द्विपक्षीय हित र आपसी चासोका विविध विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

भेटमा प्रधानमन्त्री कार्कीले वर्तमान सरकारको प्रमुख कार्यादेश निर्वाचन गर्नेभएकाले त्यसमा सहयोगका लागि आग्रह गरेका थिए ।

सो अवसरमा राजदूत श्रीवास्तवले प्रधानमन्त्री कार्कीलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्त भएकोमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको बधाई सन्देश हस्तान्तरण गरेका थिए।

परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री मोदीको सन्देशमा नेपाल-भारतबीचको मित्रता र सहयोगको सम्बन्धलाई थप सुदृढ गर्न मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । राजदूत श्रीवास्तवले असल छिमेकीको नाताले नेपालको आवश्यकताअनुसार भारतको सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यस अवसरमा उनले आगामी असोज २ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री कार्कीसँग टेलिफोन वार्ता गर्ने तयारी गरिएको जानकारी गराए।

# संघीय...

सरकारले देशको विविधता र समानुपातिक समावेशी तहत राज्यको हरेक अंग र क्षेत्रमा प्रतिनिधित्व गरिनु पर्ने निर्णय गरेको छ । साथै कुनै पनि आन्दोलनको नाममा लामो संघर्ष र सहादत पश्चात् प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र र मौलिक अधिकार लगायत जनताको अग्रगामी अधिकारलाई कमजोर बनाउने कुनै प्रकारको षड्यन्त्रहरु स्वीकार गर्न नसकिने समेत निर्णय गरेको हो । जेनजीद्वारा गरिएको आन्दोलनमा अराजक तत्वहरु घुसपैठ गरि विभिन्न राजनीतिक दलको कार्यालय, लोकतन्त्रका प्रमुख आधारहरु राष्ट्रपति भवन, व्यवस्थापिका, न्यायपालिका, कार्यपालिकाका भवनहरु, सरकारी, सार्वजनिक तथा नीजी भवनहरु, मोर्चाका नेताहरु राजेन्द्र महतो, हृदयेश त्रिपाठी, सर्वेन्द्र नाथ शुक्ला, शरतसिंह भण्डारी, निर्जला राउत, मो. लालबाबु राउतको घर फ्याक्ट्रीमा तोडफोड तथा आगजनी एवं व्यवसायीहरु डा. उपेन्द्र महतो, विनोद चौधरी, वसन्त चौधरी, मिन बहादुर गुरुङ(भाटभटेनी सुपरमार्केट), गोल्यान हाउस, गोल्छा हाउस लगायत आम जनताको घर, पसल, फ्याक्ट्री लगायतमा क्षति पुर्याएकोले दोषीहरुको छानबिन गरि कडा भन्दा कडा कार्यवाही गर्न र भए गरेका क्षतिहरुको यकिन गरि क्षतिपूर्ति दिन सरकारलाई आग्रह मोर्चाले गरेको छ ।

# आगजनी..

आयोजना गरी आगजनी र तोडफोडमा संलग्नलाई कारबाही गर्न प्रमुख जिल्ला अधिकारीलाई उजुरी दिएको जानकारी दिएका हुन् ।

लुम्बिनी प्रदेशका बन तथा वातावरण मन्त्री देवकरण कलवारले आफ्नो घर जलाउनु पूर्व घरभित्र छिरेर लुटपाट गरिएको तत पश्चात् आगजनी गरेको बताए ।

पूर्व मन्त्री हृदयेश त्रिपाठीले घटनामा राजनीतिक कार्यकर्ताहरू भएको भए राजनीतिक रूपमै निकास गर्नुपर्ने थियो तर घटनामा संलग्नहरू विशुद्ध अपराधीक क्रियाकलापमा संलग्न भएकालेप्रशासनलेचाँडोनिष्कर्षनिकालेर कारबाहीको दायरामा ल्याइनुपर्नेबताए ।

प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवले आगजनी र तोडफोडमा संलग्नहरू तस्करी र अपराधीक क्रियाकलापमा संलग्न रहेका व्यक्तिहरू भएको बताए । प्रशासनले एक हप्ताभित्र कानुनी कारबाही नगरे आफूहरूले फरक कदम चाल्ने समेत चेतावनी दिए । पश्चिम् नवलपरासीमा भएका सरकारी कार्यालय र निजी सम्पत्तिमा आगजनी र तोडफोडमा संलग्नहरूलाई कानुनी दायरामा ल्याउन जनप्रतिनिधि र राजनीतिक दलहरू छलफलमा जुटेका छन् ।


# संविधानको एक दशक

- संविधान देशको मूल कानून हो,
- संविधानप्रदत हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाझिने कानूनहरु बाझिएको हदसम्म अमान्य हुन्छन्,
- नेपालको संविधान जारी भएको एक दशक पूरा भएको अवसरमा संविधान दिवस भव्य रुपमा मनाऔं ।

संविधानको पालना गर्नु सबैको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं